**Humanities and Social Sciences Journal**
2024; Volume 16, Numbers 1-2: 165-176
https://rrlc.tu.edu.np
doi: https://doi.org/10.3126/hssj.v16i1-2.87413
ISSN: 2594-3065 (Print); ISSN: 3021-9744 (Online)

Tribhuvan University,
Ratna Rajyalaxmi Campus,
Research & Educational
Development Project
Management Committee (RMC)

# राणा विरुद्धको सशस्त्र क्रान्तिमा रेडियोको प्रयोग

**डा. जगत नेपाल**
उप-प्राध्यापक, प्रत्रकारिता
रत्न राज्यलक्ष्मी क्याम्पस, त्रि.वि. नेपाल ।
Email: jagatnepal@gmail.com

**To cite this article:** नेपाल Nepal ज .J. (2024). राणा विरुद्धको सशस्त्र क्रान्तिमा रेडियोको प्रयोग. *Humanities and Social Sciences Journal*, *16*(1-2), 165–176. https://doi.org/10.3126/hssj.v16i1-2.87413

**Received:** January 13, 2025; **Accepted:** November 7, 2025; **Published:** December 14, 2025

## लेखसार

प्रस्तुत अनुसन्धानात्मक लेख राणा शासन विरुद्ध (२००७) को सशस्त्र क्रान्तिमा विद्रोही नेपाली काङ्ग्रेसले युद्ध हतियारका रूपमा रेडियोलाई कसरी प्रयोग गरेको थियो र त्यले शासक वर्गको मनोबल कमजोर बनाउन के कस्तो योगदान गरेको थियो भन्ने विषयमा केन्द्रित छ । रोलक्रमका आधारमा राणाहरूले मात्र शासन चलाउन पाउने गरी बिव.सं. १९०३ सालमा जङ्गबहादुरले सुरू गरेको शासन व्यवस्थाले सय वर्ष पार गर्दा दोस्रो विश्वयुद्धको समाप्ति (सन् १९४५), अङ्ग्रेजहरूको भारतबाट वहिर्गमन, एसियाली मुलुकहरूमा सुरू भएको स्वतन्त्रता र प्रजातन्त्रको लहरका कारण सङ्कट उन्मुख बन्दै थियो । भारतमा शासन गरिरहेका अङ्ग्रेजहरू त्यहाँबाट फर्किने अन्तिम तयारीमा थिए । तिनै ताकाको कुरा हो, नेपालबाट शासन शासन अन्त्य गर्ने मूल उद्देश्यका केही वर्षको अन्तराल (२००३-२००६) मा नेपाली काङ्ग्रेस र नेपाल कम्युनिस्ट पार्टी स्थापना भए । यी दलले राणाहरूको अन्याय, अत्याचार विरुद्ध जनतालाई जागरुक बनाउने अभियान चलाइरहेका थिए । यस क्रममा २००७ साल असोज १० र ११ गते बैरगनिया (भारत) मा सम्पन्न नेपाली काङ्ग्रेसको सम्मेलनले सशस्त्र क्रान्ति गर्ने औपचारिक निर्णय लिएपछि शासक वर्गका लागि सङ्कटका दिन सुरू भए । सशस्त्र क्रान्तिको अन्तिम तयारी भैसकेको अवस्थामा कात्तिक २१ गते काठमाडौं स्थित भारतीय दूतावासमा शरण लिन पुगेका राजा त्रिभुवन कात्तिक २६ गते जहाजबाट सपरिवार दिल्लीका लागि उडे । त्यस अघि कात्तिक २५ गते मध्यरातमा काङ्ग्रेसको मुक्ति सेनाले वीरगञ्ज कब्जा गरिदियो । राजाले शरण लिनु र काङ्ग्रेसले वीरगञ्ज कब्जा गर्नु यी दुई घटनाले राणा सरकारका दिनगन्ती सुरू भए । यसबीच विद्रोहीले राणा फौजलाई पराजित गरी धेरै सहरमा कब्जा जमाए पनि विराटनगरलाई नियन्त्रणमा लिन सकिरहेका थिएनन् । यही परिवेशमा राणा विरुद्ध प्रचार युद्ध चलाउने उद्देश्यले 'प्रजातन्त्र नेपाल रेडियो' को प्रसारण आरम्भ भयो । त्यो क्रान्तिमा विद्रोहीको गोली, बम, बारुद भन्दा पनि रेडियो शक्तिशाली साबित भयो । यो आलेख क्रान्तिकालमा रेडियोको प्रयोग कसरी भयो ? के कस्ता समाग्री प्रसारण भए ? राणा शासक र नेपाली समाजमा त्यसले कस्तो प्रभाव पार्‍यो ? क्रान्तिमा रेडियोले कसरी सहयोग पुर्‍यायो भन्ने विषयमा केन्द्रित छ ।

*शब्दकुञ्जी :* मिडिया, पत्रकारिता, सन्देश, प्रजातन्त्र, निरङ्कुशतन्त्र

# पृष्ठभूमि

गोर्खाका राजा पृथ्वीनारायण शाहले स-साना भुरे टाकुरे राज्य मिलाएर आधुनिक नेपाल राज्यको स्थापना गरेपछि शाहवंशका राजाहरू शासन सत्तामा सर्वेसर्वा भए । उनीहरू धर्मशास्त्रका आधारमा शासन चलाउथे । वैद्य र मानन्धर (२०५३) लेख्छन् - राजाले लिने सबै जसो निर्णय र उनका नाममा गरिने काम भारदारीको सल्लाहवमोजिम नै हुन्थे (पृ. १५) । राजा न्यायको मूल स्रोत भएकाले देश र रैतीलाई न्याय भए नभएको हेर्नु उनको परम कर्तव्य हो भन्ने थिती पृथ्वीनारायण शाहले बसाएका थिए । उनको दिव्य उपदेश थियो-राजाले ठूलो निसाफ हेर्नू अन्याय मुलुकमा हुन नदिनु (वस्ती, २०७९, ११९) । पृथ्वीनारायणको निधन (वि.सं. १८३१) भएपछिका दिनमा नेपाली दरबार, भारदारहरूबीचको कलहले कमजोर बन्दै गयो । शक्ति हत्याउन भएका सङ्घर्षमा कैयौं भारदारहरू मारिए (गौतम, २०४६, पृ. १४-१५) । कुनै प्रधानमन्त्री कालगतिले मर्न पाएनन् । काटिए वा सेरिए (कुँवर राणाजीहरूको बृहत् वंशावली, २०५६, २७)। त्यसैको लाभ उठाउँदै वि.सं. १९०३ भदौ ३१ गते कोतमा जम्मा भएका मुख्य मुख्य भाइभारदारहरूको हत्या गरी जङ्गबहादुर कुँवर सत्तामा स्थापित हुन पुगे (रोज र फिसर, १९७०, पृ. २१-२२) । केही वर्षपछि राजाबाट कास्की र लमजुङका महाराजको पञ्जापत्र पाएर उनी श्री ३ महाराज बने । अनी राणाका भाई सन्तानले मात्र शासन सञ्चालन गर्न पाउने गरी सम्पूर्ण राजकीय अधिकार प्राप्त गरे । यसरी जङ्गबहादुर श्री ३ महाराज, प्रधानमन्त्री र कमान्डर इन चिफका रूपमा नेपालको अधिनायक बने (सिंह, २०६७, पृ.१) । राजा नाममा मात्र सीमित बनाइए । राजकीय शक्ति राणा प्रधानमन्त्री र उनका सन्तानको मुठ्ठीमा पुग्यो । प्रधानमन्त्री सर्वेसर्वा भए । राणा शासनको विशेषता बारे भट्ट (२०७५) लेख्छन् -

> *शासन प्रशासन प्रधानमन्त्रीको हुकुमका आधारमा चल्थ्यो । राज्यको ढुकुटी उनी आफ्नो इच्छा बमोजिम खर्च गर्थे । राजालाई दिने तलव भत्ता सम्बन्धी निर्णय पनि गर्थे । वर्ष भरी खर्च गरेर बचेको राज्य कोषको सबै रकम प्रधानमन्त्रीको निजी आम्दानी मानिन्थ्यो । (पृ.१३०)*

लोकतान्त्रिक प्रणालीमा व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको जति अधिकार हुन्छ त्यो भन्दा कैयौं गुणा शक्तिशाली थियो, नेपालका श्री ३ महाराज अर्थात् राणा प्रधानमन्त्रीको हुकुम । १०४ वर्षसम्म चलेको त्यो शासनमा शासकका सन्तान जन्मिनासाथ स्वतः जर्नेल, कर्णेल, मेजर, कप्तान र लप्टन हुन्थे ( नेपाली, २०५५, पृ. १२) । जनताले भने राणाको चाकरी, चाप्लुसी गरेर मात्र जागिर पाउथे र त्यो पनि कर्णेल भन्दा माथिको दर्जा दिइदैनथ्यो (नेपाली, २०५५, पृ. १३) । उन्नाइसौं शताव्दीको अन्त्य र विसौं शताव्दीको प्रारम्भसँगै भारतमा शासन गरिरहेका अङ्ग्रेजहरू त्यहाँबाट फर्किने वातावरण बन्यो र त्यसको प्रभावले नेपालमा समेत राणा विरोधी जनमत बन्दै गयो । त्यही बेला काङ्ग्रेसले राणा विरुद्ध सशस्त्र क्रान्तिको तयारी थाल्यो र हातहतियार जम्मा गर्ने र सैन्य तालिम दिने काम तीव्र बनाइयो । क्रान्ति प्रारम्भ हुनु अघि २००७ साल कात्तिक २५ गते साँझ काङ्ग्रेसका कार्यकर्ताहरूले हिमालयन एयरको जहाजबाट वीरगन्जदेखि काठमाडौंसम्मको क्षेत्रमा राणाविरोधी पर्चा छरे (गोरखापत्र, २००७ मङ्सिर १, पृ. १) । मुलुकको पहिलो राजनीतिक दल नेपाल प्रजापरिषद्ले पहिलो पटक राणा विरोधी पर्चा छर्दा वि.सं. १९९७ मा धर्मभक्त माथेमा, दशरथ चन्द, शुक्रराज शास्त्री र गङ्गालाल श्रेष्ठलाई राणाहरूले मृत्युदण्ड दिएका थिए । दमनको माध्यमबाट प्रजापरिषद्लाई कमजोर बनाएपछि राणाहरूको विरोधमा कसैले आवाज निकाल्ने छैन भन्ने शासक वर्गको बुझाइ थियो । आफ्नो विरोधमा एक शब्द पनि सुन्न नसक्ने राणाहरूमा काङ्ग्रेसले देशभर पर्चा छरेपछि खैलाबैला मच्चियो, पर्चा छर्नेले बम पनि फाल्न सक्छन् भनेर । क्रान्तिलाई सफतातर्फ उन्मुख गराउन ती पर्चा बमभन्दा शक्तिशाली साबित भए (जोशी, २०४८, पृ.७६) । त्यसको भोलिपल्ट कात्तिक २६ गते भारतीय दूतावासको शरणमा रहेका राजा त्रिभुवन जहाजबाट सपरिवार दिल्लीतर्फ लागे । त्यस अघि कात्तिक २५ गते मध्यरातमा वीरगञ्ज पसेको मुक्ति सेनाले वीरगन्ज सहर कब्जा गरिसकेको थियो ।

यी घटनाका कारण विद्रोहीको मनोबल बढेको थियो भने राणा शासकहरूबिच खैला बैला भएको थियो । वीरगञ्ज कब्जा गरेपछि मुक्तिसेनालाई दुई भागमा विभाजन गरी पूर्णसिंह खवास र ज्ञानबहादुर (जीबी) याक्थुम्बाको नेतृत्वमा सय जनाको टोली विराटनगरतर्फ लाग्यो भने गोपाल शमशेर राणा र महेन्द्रविक्रम शाह पश्चिमका गोस्वारा र मालअड्डा कब्जा गर्न खटिए । वीरगञ्जपछि विराटनगरलाई काङ्ग्रेसले मुख्य निसाना बनाएको थियो तर लामो प्रयासपछि मोरङको पुरै भूभाग कब्जामा लिइसक्दा समेत विद्रोहीले बडाहाकिमको निवास नियन्त्रणमा लिन सकेको थिएन । त्यही बेला युद्ध मोर्चामा खटिएका तारिणीप्रसाद कोइरालाले मङ्सिर २८ गते देखि नियमित रूपमा रेडियो ब्रोडकास्ट गरे - 'यो प्रजातन्त्र रेडियो हो, हामी मुक्ति सँग्रामको कुनै अज्ञात मोर्चाबाट बोलिरहेका छौं (वन्त, २०६१, पृ. ४९) । त्यो रेडियोले राणा विरोधी समाचार, सन्देश र गीत प्रसारण गरी जनतालाई आन्दोलनमा सहभागी हुन मात्र प्रेरित गरेन, भ्रामक सूचना प्रवाह गरी (प्रोपोगान्डा) राणा फौजलाई युद्धमा पराजित गर्न हतियार भन्दा पनि ठूलो अस्त्रका रूपमा समेत काम गर्‍यो ।

## अध्ययन विधि र सीमा

गुणात्मक विधिमा आधारित यो अनुसन्धानमा प्रजातन्त्र रेडियोको स्थापना, यसले प्रसारण गरेका विषयवस्तु र पारेको प्रभावका विषयमा केन्द्रित छ। अप्रस्तु आलेख तयार पार्ने क्रममा यस विषयमा प्रकाशित पुस्तक, जर्नल, पत्रपत्रिकाको अध्ययन र अन्तर्वार्तालाई आधार बनाइएको छ । प्राप्त तथ्याङ्कहरूलाई वर्णनात्मक र विश्लेषणात्मक विधिबाट प्रस्तुत गरिएको छ ।

## सैद्धान्तिक अवधारणा

यो आलेख राजनीतिक प्रोपोगान्डाको सिद्धान्तमा आधारित छ। मिडियाको दायित्व पाठक श्रोता वा दर्शकलाई सूचना, शिक्षा, मनोरञ्जन र अभिप्रेरणा दिने हो। सत्य, तथ्य र विश्वसनीय सूचनाको प्रवाह गर्नु मिडियाको कर्तव्य हो । यो समाजको 'ऐना' र परिवर्तनको आधार पनि हो (म्याक्वेल, २०१२, पृ. ८१) । मिडियलाई कुनै उद्देश्य प्राप्तिका लागि सदुपयोग र दुरूपयोग गर्न पनि सकिन्छ । प्रोपोगान्डा सिद्धान्तले सुनियोजित रूपमा लगातार भ्रामक र अतिरञ्जित सूचना प्रवाह गरी गलत तथ्यलाई सत्य यही हो भनेर स्थापित गर्न सकिन्छ भन्ने मान्यता राख्छ (ल्यासवेल, १९२७, पृ. ६२७)। २००७ सालको क्रान्तिमा रेडियोबाट के कस्ता राणा विरोधी सूचना प्रवाह भए ? समाज र शासक वर्गमा त्यसले कस्तो प्रभाव पार्‍यो ? भन्ने विषयमा अध्ययन तथा विश्लेषण गर्न खोजिएको छ ।

## विश्लेषण

### रेडियो र नेपाली समाज

उन्नाइसौँ शताव्दीको अन्त्यतिर इटालीका वैज्ञानिक मार्कोनीले विना तार प्रसारण गर्न सकिने रेडियो प्रविधिको आविष्कार गरे पनि त्यसको केही समयपछि पहिलो विश्वयुद्ध (सन् १९१४-०१८) आरम्भ भएकाले रेडियोको विकासमा अवरोध हुन पुग्यो । विश्वयुद्धको समाप्तिसँगै सन् १९२० ताका युरोप र अमेरिकामा प्रसारण संस्था खुले (शाह, २०५४, पृ. १२१) । त्यही वर्ष अमेरिकामा केडिकेए नामका विश्वकै पहिलो रेडियो स्थापना भएर नियमित प्रसारण हुनथाल्यो । सन् १९२० नोभेम्वर २ मा भएको अमेरिकी राष्ट्रपति चुनावको नतिजा पनि रेडियो मार्फत प्रसारण गरियो । प्रारम्भिक दिनमा रेडियो स्थापना गर्ने कम्पनीहरू सेट उत्पादन गरी विकि गर्थे । हाम्रै छिमेकी मुलुक भारतमा बेलायती उपनिवेश कायम छँदै सन् १९२१ मा बम्बैबाट रेडियोको परीक्षण प्रसारण सुरू भयो र १९२३ देखि कलकत्ताको रेडियो क्लबले नियमित प्रसारण सुरू गर्‍यो । नेपालमा कहिलेदेखि रेडियो सेट भित्रिए भन्ने एकिन तथ्य फेला परेको छैन । तर भारतमा प्रसारण सुरू भएपछि नै यहाँ सेट भित्राएको अनुमान गरिएको छ (वन्त, २०६१, पृ. ३५-३६)। वि.सं. १९८९ मा जुद्धशमशेर

प्रधानमन्त्री भएपछि राणा परिवार र उनीहरूका विश्वास पात्रहरूले रेडियो सुन्न थालेको पाइन्छ । त्यति बेलासम्म आम जनतालाई रेडियो राख्ने अनुमति थिएन (नेपाल, २०७२, पृ. १८४) । सन् १९३६ मा अल इण्डिया रेडियोको स्थापना भपछि नेपाली समाजमा शासक वर्ग र राणाहरूका विश्वास पात्र उच्च घरानीयाहरूले  सेट आयात गर्न थाले र घरका छानामा लामा लामा एरियल राखेर रेडियो सुन्नेहरूको सङ्ख्या बढ्दै गयो । वि.सं. १९९३ रेडियोबाट अन्तर्राष्ट्रिय समाचार टिपेर त्यसलाई लिखित रूपमा 'द न्यूज रिल' नामको समाचार बुलेटिन तयार गरी प्रधानमन्त्रीसहित सोखिन राणाहरूलाई पठाउने गरेको पाइन्छ ( वन्त, २०६१, पृ. ३७) । दोस्रो विश्वयुद्ध (सन् १९३९-१९४५) मा रेडियोलाई प्रोपोगान्डा हतियारका रूपमा दुरूपयोग गरियो । युद्धमा बेलायत हार्ने भयो भन्ने हल्ला व्यापक भएपछि अङ्ग्रेजको आडमा शासन चलाइरहेका राणाहरू अत्तालिए र काठमाडौँका घरघरबाट चार सय रेडियो सेट जफत गरि सिंहदरबारमा जम्मा गरियो । विश्वयुद्धबाट फर्किएका नेपालीले युद्धमा प्रयोग गरेको वायरलेसबाट काशीराज पाण्डेले रेडियो प्रसारण सुरू गरे । पाण्डे (२०७५) लेख्छन्-

> *मेरा काहिला बा काशिराजको तत्कालीन प्रधानमन्त्री जुद्धशमशेरसँग राम्रो सम्बन्ध थियो । मेरा पिता मीनराज पण्डेले काइला भाई मार्फत प्रधानमन्त्रीबाट एक ब्याट्री सेट रेडियो खरिद गर्ने अनुमति प्राप्त गरी कलकत्ताबाट हिज मास्टर्स भ्वाइस कम्पपनीद्वारा निर्मित एउटा रेडियो खरिद गरेर विराटनगर ल्याउनु भयो । त्यो नै मोरङ जिल्लाको पहिलो सेट थियो । त्यसपछि मात्र बजार भाउ सम्बन्धी सूचना लिन समेत फारवेशगञ्ज पुग्नु पर्ने विराटनगरबासीको बाध्यता अन्त भयो । पाण्डेको घरमा पुगेर रेडियो सुन्नेहरूको सङ्ख्या विराटनगरमा बढ्दै गयो (पाण्डे, २०७५, पृ. २२-२४) ।*

त्यति बेला देखि देशभरका हुनेखाने र धनीमानी वर्गमा रेडियो किन्ने प्रचलन बढ्दै गयो । रेडियो सुन्ने सुविधा पाएपछि नेपालका शिक्षित र चेतनशील वर्गले देश दुनियाँका घटनाबारे जान्ने र बुझ्ने मौका पाए ।

विश्वयुद्धको समाप्तिपछि वि.सं. २००२ सालमा जुद्धमशेरले भतिजा पद्मशमशेरलाई श्रीपेच लगाइ दिएर सत्ता हस्तान्तरण गरे । त्यति बेलासम्म दोस्रो विश्वयुद्ध समाप्त भएर भारतबाट अङ्ग्रेजहरू फर्किने वातावरण बनिसकेको थियो । उदारवादी स्वाभावका श्री ३ महाराज पद्मले सर्वसाधारणलाई रेडियो राख्न अनुमति मात्र दिएनन् मुलुकमा रेडियो प्रसारणको प्रयास समेत गरे (शाह, २०५४, पृ. १२२) । उनकै पालामा रत्नपार्क स्थित हाल विद्युत प्राधिकरण रहेको स्थान (बिजुली अड्डा) बाट २००३ साल माघ १४ गतेदेखि नेपाल ब्रोडकास्टिङको नाममा रेडियो प्रसारण हुन थाल्यो । त्यसपछिका दिनमा प्रधानमन्त्रीका महत्त्वपूर्ण भाषण र घोषणा रेडियो मार्फत गर्ने र ठूला ठूला लाउडस्पिकर मार्फत जनतालाई सुनाउने गर्न थालियो ( वन्त, २०६१, पृ. ४५) । पद्मशमशेरले सत्ता त्याग गरेपछि प्रधानमन्त्री मोहनशमशेरले रेडियोलाई चाहिने प्रविधि, उपकरण, जनशक्ति तथा तिनको तालिमका लागि बजेट छुट्टाएर देशका विभिन्न भागमा मोहन आकाशवाणीका नाममा रेडियो प्रसारण गर्ने व्यवस्था मिलाए । 'काठमाडौँमा ब्रोडकास्टिङ स्टेशन खुल्यो' शीर्षकमा २००६ कात्तिक ३ गतेको अङ्कमा गोरखापत्र देख्छ - काठमाडौँमा ब्रोडकास्टिङ स्टेशन खोली मलाया, वर्मा, भारत वर्षमा रहेका नेपाली र नेपालभर मुलुकलाई यसबाट प्रोग्राम सञ्चार गराउनलाई काठमाडौँ सहरदेखि स्टुडियो भवन बनाउन श्री ३ बाट ५ लाख निकासा भयो (पृ. १) । त्यतिन्जेल नेपालमा रेडियो राजा महाराजाका भाषण, सन्देश सुनाउने प्रयोजनाका लागि प्रयोग भएको थियो, त्यो पनि काठमाडौँमा मात्र । मोहनशमशेरको पालामा रेडियो सामग्री आयात गरी देशभर मोहन आकाशवाणी केन्द्र खोलिए । अनी केन्द्रको सन्देश जिल्ला तथा इलाका कार्यालयहरूमा तत्काल पठाउन सकिने भयो ।

### पहिलो प्रसारण भोजपुरबाट

२००७ साल मङ्सिरको कुरा हो । राणा फौज र विद्रोहीको मुक्ति सेनाबीच देशका विभिन्न भागमा सङ्घर्ष चलिरहेको थियो । क्रान्तिकारीहरूले पूर्वी नेपालको भोजपुर जिल्ला कब्जा गरेपछि सरकारी आकाशवाणी कब्जा गरी पहिलो पटक रेडियो प्रसारण गरे । वन्त (२०६१) लेख्छन् -

> *सबै सरकारी अड्डा नियन्त्रणमा लिएपछि क्रान्तिकारीहरूले राणाकालमा स्थापना गरिएको आकाशवाणी वायरलेसलाई प्रचार प्रसारको साधन बनाई रेडियो ब्रोडकास्ट सुरू गरे । पहिलो प्रसारण भएको दिन थियो, मङ्सिर २५ गते । रेडियोमा पहिलो आवाज प्रसारण गर्ने युवा थिए, जयन्द्र थपलिया । त्यसबेला बिहान र बेलुका रेडियोबाट समाचार प्रसारण गर्ने गरिएको थियो । त्यति बेला थपलियाले विना सेन्सर मुक्ति सेनाले धनकुटामा आक्रमण गर्ने समय र स्थानको सूचना प्रसारण गरिदिएका कारण राणा फौज सर्तक भयो र पाखिबासमा सरकारी सुरक्षाकर्मीबाट मुक्ति सेनाका सात जना भोजपुरे योद्धाहरू मारिए (पृ. ४८) ।*

रेडियो तथ्यहिन सूचना प्रसारण गरेका कारण मुक्ति सेनाले ठूलो क्षति व्यहोर्नु परेको थियो । प्रपोगाण्डाबाट सधैँ लाभ मात्र हुँदैन, सूचनाको हतियार सही रूपमा प्रयोग हुन सकेन भने आफैँलाई क्षति हुन सक्छ भन्ने गतिलो उदाहरण हो भोजपुरका मुक्ति सेनाले धनकुटा आक्रमण गर्ने भनी प्रवाह गरेको गलत सूचनाका कारण पाखिवासमा आफ्नै ७ सहकर्मी गुमाउनु परेको घटना । जे जस्तो लाभ हानी भए पनि भोजपुरले त्यो घटनाबाट नेपालमा पहिलो पटक रेडियो प्रसारण गरेको इतिहास लेखायो । क्रान्तिकालमा रेडियो प्रसारण भएको घटना लामो समयसम्म भोजपुर र त्यस क्षेत्रका जनताको जनजिवनसँग जोडिइरह्यो । भोजपुर निवासी रेडियो नेपालका सेवा निवृत्त पत्रकार कोइराला (२०६८) को स्मरणमा त्यस घटनालाई लिएर स्थानीबासीहरू घाँस, दाउरा, मेलापात र गोठाला जाँदा यस्तो भाकाको गीत गाउने गर्थे -

> सात साल मंसीर २४ गते अड्डा तातेको थियो
> मौका छोपी रामप्रसादले भोजपुर कब्जा लियो
> भोलिपल्टै स्वतन्त्र नेपाल रेडियो भयो
> फुर्किएर मुक्तिसेना अघि बढ्दै गयो
> भोजपुरबाट सर गर्न धनकुटा गए
> मुक्तिसेना पाखिबासमा बास बस्ने भए
> भोजपुरेको त्यही बास भयो एकै चिहान
> पानी पऱ्यो असिना ओइरायो
> मन्त्री भयो विश्वेश्वर कोइरालो
> (कोइराला, २०६८, पृ. १०९) ।

साढे सात दशक अघि प्रसारण भएको विषय दशकौँसम्म पनि गीतका माध्यमबाट समाजमा रहिरहनुले त्यति बेला रेडियोले कति प्रभाव पारेको थियो भन्ने अनुमान लगाउन सकिन्छ ।

### प्रजातन्त्र नेपाल रेडियो

भोजपुरबाट रेडियो प्रसारण भएको तेस्रो दिनको कुरा हो । २००७ साल मङ्सिर २८ गते बिहान विराटनगर मोर्चामा लडिरहेका तारिणीप्रसाद कोइरालाले भोजपुरको सन्देश वायरलेसबाट सुने । त्यो घटनाबाट उत्साहित उनले भोजपुरका क्रान्तिकारीहरूले झैं वायरलेस मार्फत रेडियो प्रसारण गर्ने योजना बनाए । सम्पूर्ण मोरङको भूभाग आफ्नो नियन्त्रणमा पारिसक्दा पनि मुक्ति सेनाले बडाहाकिम उत्तम विक्रम राणाको निवास कब्जा गर्न

सकेको भएन (पाण्डे, २०७५, पृ. ३७)। क्रान्ति हेडक्वाटर रघुपति जुटमिलबाट बीपी कोइराला देशभरका मोर्चासँग त्यहाँको गतिविधि बारे सूचना लिने र निर्देशन दिने काममा व्यस्त थिए। त्यही दिन गोलीगट्ठा सकिएकाले लिन भनेर लडाईँको मोर्चाबाट सिधै वार हेडक्वाटर पुगेका तारिणीले बीपीलाई ओखलढुङ्गा, धनकुटा, इलामतर्फका कमान्डरलाई धमाधम सन्देश दिन र उनीहरूको रिर्पोट लिन व्यस्त रहेको अवस्थामा पाए (कोइराला, २०६१ : ५६)। नेपाल (२०७५) लेख्छन् -

> *त्यति बेला मुक्तिसेनासँग गोलीको अभाव भैसकेको थियो। स्टक छदै थिएन। दुईतीन ओटाभन्दा बढी गोली कसैसँग थिएन। राणा फौजले तत्काल आक्रमण गरि हाल्यो भने प्रतिकार गर्ने क्षमता समेत उसँग थिएन। बीपीलाई तारिणीले मुक्ति सेनाका सिपाहीसँग गोली नभएको जानकारी दिए। एकछिन घोत्लिएर बीपीले भने, "भोलि दिउँसो नभई गोलीको व्यवस्था हुन सक्दैन। हाम्रा सिपाहीहरूले शत्रुको मोर्चालाई केवल घेरेर मात्र राखून्। एक फायर पनि नगरुन्। आजको रात बिताएपछि भोलि गोली सप्लाई गरिन्छ। तिमी जाऊ, म सुत्छु (पृ. १३२-१३३)।*

राणा फौजले त्यस दिन आक्रमण गरेको भए क्रान्तिकारीहरूसँग भिड्ने हातहतियार र गोली गट्ठाको त कुरै छोडौ भिड्ने शाहस पनि थिएन। स्वयं मुक्ति सेनाका कमान्डर जीवी याकथुम्वा निराश भएर पूर्वी कमान्डर बीपी कोइरालाको कोठाबाट फर्किसकेका थिए।

बीपीको बानी नै हो, कुनै ठूलो सङ्कट आई पऱ्यो र तत्काल त्यसलाई समाधान गर्ने उपाय छैन भने पनि नआत्तिने बरु मस्तसँग सुतिदिने। उनले तारिणीलाई भनेका थिए - आज गोलीको व्यवस्था गर्न सम्भव छैन, भोली आइपुग्छ। राणाहरूले आक्रमण गरि हाले भने जसरी पनि उनीहरलाई रोक्नुपर्छ। विपीको कक्षबाट अत्तालिँदै बाहिरिँदा तारिणीकोलाई लाग्यो गोलीबिनाको बन्दुकका भरमा कसरी राणाको फौजसँग मुकाबिला गर्ने ? ठिक त्यही बेला उनले वायरलेसमा सुन्ने आवाज सुनियो। हेलो भोजपुर... भोजपुर। "तपाईंहरू निश्चिन्त रहनोस्। हाम्रा सिपाहीहरू उत्साही छन्। विराटनगरबाट गई तमोरमा रोकिएका सिपाहीहरूलाई हामी यताबाट मद्दत पुऱ्याउँछौं, पश्चिमबाट हमला गर्छौं (कोइराला, २०६१, पृ. ५८)।"

कुन बेला राणाहरूले मार्ने हुन् भन्ने त्रासमा रहेका तारिणीलाई भोजपुरको त्यो सन्देशले ठूलो शक्ति र आडभरोशसा दियो। मारिने त्रासमा रहेका उनलाई त्यो आवाजले रोमाञ्चित मात्र बनाएन एकै पटक लाखौं गोली पाएको अनुभूति समेत गरायो। २००७ साल मङ्सिर २८ गते बिहान ८ बजे विराटनगरबाट क्रान्तिकारी रेडियो प्रसारण आरम्भ भयो (बस्नेत, २०६८-ख, पृ. १६१)। विराटनगर जुटमिल भित्र वायरलेस राखिएको कक्षबाट तारिणीप्रसाद कोइरालाले जोडले कराउँदै भने, "हेलो भोजपुर। हाम्रो विराटनगर मोर्चा पनि बलियो छ। सम्भवतः आज हामी शत्रुको मोर्चाभित्र पस्छौं। भोलि उज्यालो हुँदासम्म विराटनगर हाम्रो कब्जामा आइसक्नेछ। त्यसपछि कोसी तर्ने बन्दोबस्त गरिनेछ। आज एक्कासि शत्रुको मोर्चामा हमला गर्ने योजनामा छौं (कोइराला, २०६१, पृ. ५८)।" उनले मुक्तिसेनामा भर्ना हुनका लागि तीन सय स्वयम्सेवकले नाम लेखाइसकेकाले र उनीहरूलाई बन्दुक बाँड्ने तयारी गरेको सन्देश पनि प्रवाह गरिदिए। "पहिला गोलीको कमी थियो, अब त्यो पनि पूरा भयो। हामी भोलि या पर्सि धनकुटामा भेटौंला, जय नेपाल।" त्यसपछि ट्रान्समिटरको 'स्विच अफ' भयो।

गोलीको आभावमा कुन बेला मारिने हो भन्ने त्रासमा बाँचका मुक्ति सेनाका जवानहरूलाई त्यो सन्देशले ठूलो उर्जा दियो। उत्साहित हुदै उनीहरूले भने - गज्जबै भयो, तारिणीबाबु, गज्जबै भयो। हामीले एकै पटक राणाहरू माथि हजारौं गोली पड्काए सरह भयो। उनीहरूको होस उड्यो होला। अब मज्जाले सुत्न पाइने भयो। उनीहरूले हामी माथि आक्रमण गर्ने कुरा सोच्न पनि सक्ने छैनन् (नेपाल, २०७५, पृ. १३४)। रेडियोमा प्रसारण भएको त्यही सन्देशका कारण राणाहरूले मुक्ति सेना माथि आक्रमण गर्ने हिम्मत गरेनन् र क्रान्तिकाहरू जोगिए। युद्धका बेला प्रोपोगान्डाको कति शक्ति हुदो रहेछ भन्ने अध्ययन गर्न चाहने अध्यताहरूका लागि यो घटना महत्त्वपूर्ण छ।

**'प्रजातन्त्र नेपाल रेडियो'को नियमति प्रसारण**

बिहान भोजपुरसँग वायलेशमा कुरा गरेको केही घण्टापछि दिउँसो २ बजेको कुरा हो । विराटनगरबाट नेपाल भारत सीमा नजिक रानीमा रहेको रघुपति जुट मिलको एउटा सानो कोठाबाट क्रान्तिका बारेमा आम जनतालाई सूचना दिन र राणा शासक विरुद्ध प्रचार युद्ध चलाउन 'प्रजातन्त्र नेपाल रेडियो सञ्चालनमा ल्याइयो (प्रधान, २०६१, पृ. १२०-१२१) । त्यसको प्रसारण आरम्भ गर्दै तारिणीप्रसाद कोइरालाले माइक समातेर भनेका थिए - जय नेपाल, प्रजातन्त्र नेपाल रेडियोबाट तारिणीको अभिवादन (बस्नेत, २०६८-क, पृ. ८८) । त्यसपछि उनी बोल्दै गए - यो प्रजातन्त्र नेपाल रेडियो हो, हामी मुक्तिसङ्ग्रामको कुनै अज्ञात मोर्चाबाट बोलिरहेका छौँ । त्यस दिनदेखि रेडियोले निरन्तर समाचार र क्रान्तिकारी गीत प्रसारण गर्न थाल्यो । यो रेडियोको प्रसारणले राणाहरूलाई हतोत्साहित बनाउन महत्त्वपूर्ण भूमिका खेल्यो नै, मुक्ति सेनाको मनोबल बढाउन र राणाविरोधी जनमत बनाउन समेत ठूलो योगदान पुऱ्यायो (प्रधान, २०६१, पृ. १२०-१२१) । राणाहरूको अन्याय, अत्याचारका बारे जनतालाई जागरुक बनाउने खालका सन्देश रेडियोबाट प्रसारण हुन्थे । प्रजातन्त्र नेपाल रेडियोको आवाज सुन्न नसकेर अन्तिम राणा प्रधानमन्त्री मोहनशमशेर पछिको रोलक्रममा रहेका कमान्डर इन चिफ बबर शमशेरले आफ्नो घरको रेडियो लात्ताले हानी चकनाचुर बनाइदिएका थिए (नेपाल, २०७५, पृ. १३६) । विद्रोहीहरूले राणा विरुद्ध प्रचार अभियान चलाएका थिए । जताततै राणा फौज हारेको सूचना प्रवाह भएपछि सधैं आफ्नो जय जय कार मात्र सुनेका कमान्डर इनचीफ राणाले रिसलाई रोक्न सकेनन् । विद्रोही रेडियोले राणा शासकबीच कति प्रभाव पारेको रहेछ भन्ने आँकलन गर्न मद्त पुग्छ । बस्नेत (२०६८-ख) लेख्छन्-

> *जनताले क्रान्तिकारी रेडियो सुन्न नसकुन् भन्नका लागि प्रजातन्त्र रेडियो नेपाल प्रसारण हुने समय बिहान ८ बजेदेखि अपरान्ह २ वजेसम्म काठमाडौँमा विद्युत आपूर्ति बन्द गरिदिए । राणाहरूको अवरोधका बाबजुद असङ्ख्य नेपालीले ब्याट्रीको मदतले अटुट रूपमा रेडियो सुनिरहे (पृ.१६२) ।*

सरकारी सेनाको मनोबल घटाउने, जनतामाझ अफहवा फैलाउने र विद्रोहीको बढाइ चढाइ गर्ने खालका सन्देश रेडियोबाट प्रवाह हुने गरेकाले शासक वर्ग त्रसित थिए । अर्कोतिर राणा प्रधानमन्त्री पद्म शमशेरले सर्वसाधारणलाई रेडियो राख्ने अनुमति दिएकाले घरमा रेडियो सुन्ने संस्कृति विकास हुदै थियो । प्रजातन्त्र नेपाल रेडियोको प्रसारण हुनुअघि विदेशी भाषाको कार्यक्रम मात्र सुन्न पाएका नेपालले पहिलो पटक आफ्नै भाषामा समाचार र कार्यक्रम सुन्न पाएका थिए । त्यसैले रेडियो सुन्न काठमाडौँका पसलहरूमा ठूलो भिड लाग्ने गर्थ्यो । एकदुई पटक त रेडियो सुन्न जम्मा भएको भीडमा पुलिसले लाठीचार्जसमेत गरेको थियो । त्यो बेला "राणाहरूले सुइँको नपाउने गरी लुकीछिपी काठमाडौँको रिपोर्टिङ प्रकाशमान सिंह (पछि उनी रेडियो नेपालका निर्देशक समेत भएकका थिए) ले गर्थे । लैन (बेलायती दूतावास, लैनचौर) पोस्ट अफिसबाट चिठी पठाउँथे । तर समाचारदाताको नाम गोप्य राखिन्थ्यो (कोइराला, २०६१, पृ. ६१) ।" विष्ट (२०७४) का अनुसार त्यो रेडियोको प्रसारण काठमाडौँ उपत्यकासम्म मात्र होइन, बनारस, गोरखपुर, कलकत्ता र दार्जिलिङसम्म सुनिएको थियो (पृ. ४७) । यो तथ्यबाट प्रजातन्त्र नेपाल रेडियो देशभित्र मात्र नभै भारतका विभिन्न स्थानमा समेत सुनिएको थियो । तिनताका नेपाली समाजमा सूचना पाउने अरू सहज विकल्प नभएका कारण पनि प्रजातन्त्र नेपाल रेडियोबाट प्रसारण भएका सन्देशले जनतामा राणा विरोधी भावना पैदा गर्न मदत पुऱ्याएको थियो ।

ती दिन त्रिचन्द्र क्याम्पसमा प्राध्यापक रहेका प्राध्यापक यदुनाथ खनाललाई उदृत गर्दै कोइराला (२०६८) लेख्छन् -काठमाडौँमा रेडियोको आवाज निक्कै कडा र चर्को सुनिएको थियो । रेडियोमा एकदमै तेजिलो र राणा विरोधी भाषण सुनिन्थे (पृ. ११४) । प्रजातन्त्र रेडियोले बिहान, दिउँसो र बेलुकी तीन पटकसम्म नेपाली, हिन्दी, अङ्ग्रेजी र नेवारीमा समाचार प्रसारण गरी लडाइमा विद्रोहीलाई हतियारभन्दा ठूलो शक्ति र भरोसा दिएको थियो ।

**प्रजातन्त्र रेडियोमा प्रसारण भएका गीत**

विद्रोहीले समाचारका अतिरिक्त गीत समेत रेडियोबाट बजाउने गरेका थिए । तारिणी आफैँले रचना गरेका र केही अरूले लेखेका गीत बजाइएका थिए । एलबी सुब्बाको रचना र रानुदेवी अधिकारीको स्वर रहेको 'नेपाली अघि बढ हातमा क्रान्ति झण्डा लि, नेपाली' बोलको क्रान्तिकारी गीतले त्यो क्रान्तिमा घिऊ थप्ने काम गरेको थियो (कोइराला, २०६८, पृ. ११४)।

नेपाली अघि बढ हातमा क्रान्ति झण्डा ली ।

क्रान्ति झण्डा ली, नेपाली ।

आऊआऊ दाजुभाइ, आऊ दिदीबहिनी,

अब हामी अघि बढौं, काँधमा काँध मिलाई ।

पछि नसरौं अबदेखि जेजे परे पनि (बस्नेत, २०६६ : १९४) ।

रेडियो सुन्ने नेपालमा त्यस गीतको ठूलो प्रभाव परेको थियो । त्यसै गरी जनताको मनमा राणा विरोधी भावना पैदा गर्न यो गीतले योगदान गरेको थियो । प्रजातन्त्र रेडियोमा तारिणीले रचना गरेका पाँचवटा र अरूका केही गीत प्रसारण भएका थिए । प्रजातन्त्र रेडियोमा प्रसारण भएको पहिलो गीतकी गायिका अधिकारी (२०७६) ले भनेकी छन् -

> *हाम्रो परिवार नै काङ्ग्रेसमा थियो । क्रान्ति सुरू भएपछि हामी जोगवनीमा बस्न थालेका थियौं । तिहारको बेला थियो । क्रान्तिको समाचार दिन भनेर तारिणी मामाहरूले रेडियो खोल्नु भएको थियो । क्रान्तिका गतिविधि समेटेर कहिले तारिणी मामा, कहिले इन्दिरा दिदी समाचार पढ्नुहुन्थ्यो । मलाई गीत गाउन सोख थियो । मामाले क्रान्तिकारी गीत गाउन भन्नुभयो । अनी म लाइभ गाउन थालेँ । म बानारसमा जन्मी हुर्केकी केटी । भर्खरै बिहा भएर विराटनगर आएकी । मलाई के थाहा थिएन । त्यो गीत गाउदा राणाहरूले समाउछन् भन्ने पनि सान थिएन । केटाकेटी नै त थिएँ म । तारिणी मामाले भन्नु भयो गाएँ । परिवारले पनि प्रोत्साहित गरेकै थियो । लाइभ गाइयो । हार्मुनियम, तबला बजाउने मानिस पनि हुन्थे । (अन्तर्वार्ता, २०७६ जेठ ३२)।*

२००७ सालसम्म नेपालको साक्षरता दुई प्रतिशत भन्दा पनि मुनी थियो भने चेतनाको स्तर समेत कम थियो । त्यसैले रेडियोबाट प्रसारण भएका समाचार र गीतले उनीहरूलाई क्रान्तिमा सहभागी हुन प्रेरित गरेको थियो । क्रान्तिकारी रेडियोमा बजेको अर्को गीत यस्तो थियो ।

*आज देशको क्रान्ति युद्धमा*

*हाम्रो एउटा पुकारा होस्*

*लड्दा लड्दै मरे मरौंला*

*यो एउटा नै नारा होस्*

*खडा भयो जनतन्त्र फौज लौ आऊ, आउन नेपाली*

*मातृभूमिले मुक्तकण्ठमा डाक्छिन्, आई गोर्खाली*

*नेवार आऊ, पर्वते आऊ, आऊ वीर गुरुङ, राई*

*मधेशी, क्षेत्री, बाहुन आऊ, तामाङ अरू मगर भाइ*

*सबै जातिको रक्त मिलेको*

*बग्ने एउटै धरा धारा होस्*

*लड्दा लड्दै मरे मरौँला*

*यो नै एउटा नारा होस्*

*(अधिकारी, २०७६ जेठ ३२, अन्तर्वार्ता)*

सबै जात जाति, भाषाभाषीका मानिसलाई एकताको सूत्रमा बाँधेर क्रान्तिमा सहभागी बन्न गीत मार्फत अपिल गरिएको थियो। हिन्दी भाषाका गीत मात्र सुनेका नेपालीहरू माझ पहिलो पटक रेडियोबाट प्रसारण भएको यो गीतले निक्कै चर्चा पाएको थियो । धेरै पछिसम्म पनि यो गीत मानिसहरूले गुनगुनाउने गरेका थिए । त्यसै गरी त्यो क्रान्तिका कमान्डर बीपी कोइरालाको बारेमा कविता शैलीको यो गीत पनि प्रजातन्त्र रेडियोले प्रसारण गरेको थियो ।

*वीर विश्वेश्वर जिन्दाबाद*

*शोषित जनहित जीवन निर्मित*

*अमर पिताका स्मृतिमय अर्पित*

*जन जागृतीको तरुण प्रभात*

*वीर विश्वेश्वर जिन्दावाद*

*(अधिकारी, २०७६ जेठ ३२, अन्तर्वार्ता )*

आन्दोलनमा पूर्वी कमान्डको प्रमुख रहेका काङ्ग्रेस नेता बीपी कोइरालालाई केन्द्रविन्दुमा राखेर बनेको यो गीत ती दिन चर्चामा थियो । किनभने त्यस अघिसम्म राणा बाहेक कसैको बढाइ चढाइ गर्न पाँइदैनथ्यो । रेडियोबाट बीपीका बारेमा बजेको गीतले नेपाली समाजमा उनलाई नेताका रूपमा स्थापित गर्न मदत पुऱ्याएको थियो । यसरी प्रजातन्त्र नेपाल रेडियोको प्रसारण पछि नेपालमा क्रान्तिका पक्षमा जनमत बन्यो भने राणा शासकको मनोबल कमजोर हुँदै गयो ।

**पहिलो लाईभ रिपोटिङ**

मुक्तिसेना र राणा फौजबीच भीषण गोली हानाहान चलिरहँदा एक दिन तारिणीले रेडियो उपकरणलाई एउटा ट्रकमा राखेर धानको खेतैखेत सिङ्ग्याही नदी किनारमा पुऱ्याउन लगाए। गोली चलेको आवाज आइरहेको थियो। नदी किनारको बालुवामा रेडियो स्टेसन खडा गरी जेनेरेटर चलाइयो र अग्लो सिमलको रुखमा एरियल राखियो। मुक्ति सेना र राणा फौजबीचको लडाइबारे लाइभ रिपोर्टिङ गर्ने योजनाका साथ यो सबै काम भएको थियो। सरकारी फौजले आक्रमण गरिहाले प्रतिकार गर्न भनेर हातहतियार सहित चार पाँच स्वयंसेवक तयारी अवस्थामा थिए। तारिणीको आफ्नै काधँमा पनि बन्दुक थियो। सबै तयारी पुरा भएपछि तारिणीले माइक समाए र नेपाली रेडियो इतिहासकै पहिलो लाइभ रिपोटिङ सुरू गरे, युद्ध मैदानबाट। गोली चलेको आवाजका बीच उनले भने "यो प्रजातन्त्र नेपाल रेडियोको आवाज हो । आजको कार्यक्रम हामी मुक्ति सेना र राणा सैनिकहरूबीच घमासान युद्ध भैरहेको स्थानबाट प्रसारण गरिरहेका छौं । कोइराला (२०६१) लेख्छन्- हाम्रो जेनेरेटर सिङ्ग्याही नदीको डिलमा उभिएको ट्रकमा छ र ट्रकमुनि ट्रान्समिटरमा राखिएको छ । सुरक्षाका दृष्टिले हामीले हाम्रा कलाकारलाई नदीको डिलमुनि पानीछेउको बालुवामा राखेका छौं र माइक पनि यहीं छ (कोइराला, २०६१, पृ. ६५) ।" रेडियो प्रसारण भैरहँदा दुई, तीन इन्चका मोर्टार पड्किएको आवाज लगातार प्रसारण भैरहेको छ । लडाइका बारेमा आफ्ना श्रोतालाई संवोधन गर्दै तारिणीले भनेका थिए "यो आवाज जो तपाइँहरू सुन्दै हुनुहुन्छ । फायरिङ लाइनबाट आएको मोर्टारको आवाज हो (कोइराला, २०६१, पृ. ६५) ।" यसरी नेपाली रेडियोमा लाइभ रिपोटिङको इतिहास कोरियो । प्रजातन्त्र रेडियो प्रसारण हुन थालेपछि राणा सरकारलाई ठूलो सङ्कट आइ लाग्यो

। त्यसले प्रसारण गरेका कति सूचना सत्य हुन् र कति प्रोपोगान्डा हुन् भन्ने छुट्टाउन उनीहरूले सक्ने अवस्था थिएन । प्रजातन्त्र रेडियोले देशका कुना काप्चामा प्रजातन्त्रको सन्देश मात्र प्रवाह गरेन, मुलुकलाई क्रान्तिमय बनाइदियो र राणाहरूको पतन अवश्य छ भन्ने सन्देश प्रवाह गऱ्यो (बस्नेत, २०६८-ख, पृ. १६२) । नेपाली रेडियो इतिहासमा लाइभ रिपोटिङ भएको प्रसारण भएको त्यो नै पहिलो घटना थियो । पृष्ठभूमिका बन्दुक पड्किएको आवाज सहित समाचार प्रसारण गरिएकाले पनि त्यसले जनतामा ठूलो प्रभाव पाऱ्यो र राणाहरूका दिन गए भन्ने सन्देश प्रवाह गर्न मदत पुग्यो ।

विराटनगर मोर्चाको लडाइँमा जति प्रयास गर्दा पनि मुक्ति सेनाले सफलता पाउन सकेको थिएन । तिनताका विराटनगरका जमिन्दार इश्वरचन्द्र धाडेवाको एउटा 'क्याटरलिर मोडेल' को ट्याक्टर थियो । त्यसका पाङ्ग्रा पनि फलामकै थिए । त्यही ट्रयाक्टरलाई वर्कसपमा लगेर साना ठूला फलामका पाताले बेरी ट्याङ्क बनाइयो र बडाहाकिम उत्तमविक्रम राणाको निवासमा आक्रमण गरियो (पाण्डे, २०७५, पृ. ३८) । त्यो बडेमानको क्याटर पिलर ट्याक्टर वडाहाकिम निवासको कम्पाउन्ड भत्काएर भित्र छिरेपछि राणा फौजलाई मुक्ति सेनाले घुँडा टेकायो । बडाहाकिम राणाले आत्मसमर्पण गरे र सम्पूर्ण रूपमा विराटनगर नेपाली काङ्ग्रेसको कब्जामा आयो ( नेपाल, २०६७, पृ. ३९) । त्यस दिन प्रजातन्त्र नेपाल रेडियोबाट एक दिन प्रसारण भएको समाचार यस्तो थियो, "आज हाम्रो मुक्तिसेनाले १४ दिनदेखि घेरामा पारेर राखेको शत्रुको गढलाई छिन्नभिन्न पारी सम्पूर्ण विराटनगर आफ्नो कब्जामा पाऱ्यो । अब मोरङ जिल्लाको एक इन्च भूमि पनि शत्रुको हातमा छैन" (कोइराला, २०६१, पृ. ६५) । प्रजातन्त्र स्थापनापछि त्यही रेडियो (२००७ साल चैत २० गतेदेखि) काठमाडौँबाट नियमित रूपमा नेपाल रेडियोका नाममा प्रसारण हुन थाल्यो । यस सन्दर्भमा २००७ साल चैत्र १७ गतेको अङ्कमा नेपाल समचार विभागको नाममा *गोरखापत्र*मा यस्तो सूचना प्रकाशित भएको छ पाइन्छ- पर्सि चैत्र २० गतेका दिनदेखि काठमाडौँबाट समाचार प्रचार (ब्रडकास्टिङ) सुरू हुने भएको छ । त्यसको विशेष विवरण आगामी सङ्ख्याको गो. प. (गोरखापत्र) मा प्रकाशन गरिने छ" (गोरखापत्र, २००७ चैत्र १७, पृ. १) । यसरी प्रजातन्त्र नेपाल रेडियोलाई काठमाडौँमा ल्याएर 'रेडियो नेपाल' मा रूपान्तरण गरिएको थियो । रेडियो नेपालले पाक्षिक पत्रिका झङ्कारको पहिलो अङ्क (२००८ आश्विन १-१५) आफ्ना संस्थापक कार्यकारी निर्देशकका बारेमा लेखेको छ - जसले मुक्ति सङ्ग्रामको मोर्चामा उभिई एक हातमा राइफल र अर्को हातमा माइक लिँदै रेडियोद्धारा समस्त नेपाली जनतालाई जगायो, जसले अहिले नेपाल रेडियोलाई यस रूपमा खडा गऱ्यो, उहाँ नै हुनुहुन्छ स्टेसन डाइरेक्टर श्री तारिणीप्रसाद कोइराला (कोइराला, २०६८, पृ. १७२) ।

राणा शासनको पतनपछि प्रजातन्त्र नेपाल रेडियोलाई विराटनगरबाट काठमाडौँ ल्याएर २००७ साल चैत्र २० गतेदेखि रेडियो नेपालका नाममा नियमित प्रसारण गर्न थालियो ।

## निष्कर्ष

प्रजातन्त्र नेपाल रेडियोले निरङ्कुश राणा शासनको विरोधमा जनमत बनाउन ठूलो योगदान गऱ्यो । राणाहरूको जय जयकार मात्र सुनेको नेपाली समाजमा शासक वर्गको अन्याय, अत्याचार बारे आफ्नै नेपाली भाषामा समाचार, विचार र गीत प्रसारण गरी जनतालाई जागरुक बनाउन सशक्त भूमिका निर्वाह गऱ्यो । त्यसै गरी विद्रोही शक्तिले राणाहरूलाई परास्त गर्दै लगेका छन् भन्ने सन्देश प्रवाह गरी जनतालाई क्रान्तिमा भाग लिन अभिप्रेरित गऱ्यो । त्यसै गरी प्रोपोगान्डाका माध्यमबाट मुक्ति सेनाको मनोबल बढाउन र राणा फौजको मनोबल कमजोर पार्न समेत रेडियोले ठूलो योगदान गरेको थियो । आधुनिक हतियारले सुसज्जित राणा फौजलाई परास्त गर्न प्रजातन्त्र नेपाल रेडियोले बम, गोली र बन्दक भन्दा कैयौँ गुणा बढी शक्तिको काम गरेको थियो । नेपालमा निरङ्कुश राणा शासनको अन्त्य गरी प्रजातन्त्र स्थापनाका पक्षमा वातावरण बनाउन यो रेडियोले निक्कै ठूलो योगदान गरेको थियो ।

## सन्दर्भ सामग्री


अधिकारी, सूर्यमणि. (२०७१). *नेपालको प्रजातान्त्रिक आन्दोलनको इतिहास.* नयाँ दिल्ली : निराला पब्लिकेसन ।

कुँवर राणाजीहरूको बृहत वंशावली. (२०५६). काठमाडौँ : पाञ्चायन प्रकाशन प्रा.लि. ।

के.सी. बुद्धिबहादुर. (२०८० फागुन १). समाज रूपान्तरणमा रेडियो. *गोरखापत्र.* https://gorkhapatraonline.com/news/96315

कोइराला, तारिणीप्रसाद. (२०६१). रेडियो नेपालको जन्म. *रेडियो नेपालको समाजिक इतिहास* (पृ.६९-१११), अधिकारी, कृष्ण र भट्ट, कोमल (सं.). काठमाडौँ : मार्टिन चौतारी ।

कोइराला, सुशील. (२०६८). रेडियो प्रसारण र तारिणीप्रसाद कोइराला. *तारिणीप्रसाद कोइराला, एक दृष्टि : अनेक स्मृति* (पृ.१०७-१२२). काठमाडौँ : तारिणी रोशा स्मृति कोष ।

गोरखापत्र, २००६ कात्तिक ३, पृ. १, वर्ष ५०, सङ्ख्या, ७९ ।

गोरखापत्र, २००७ मङ्सिर १, पृ. १, वर्ष ५१, सङ्ख्या, ८६ ।

गोरखापत्र, २००७ चैत्र १७, पृ. १, भाग ५१, सङ्ख्या १४३ ।

गौतम, राजेश. (२०४६). *नेपालको प्रजातान्त्रिक आन्दोलनमा नेपाल प्रजा-परिषद्को भूमिका.* काठमाडौँ : राजेश गौतम ।

जोशी, रामहरि. (२०४८). *नेपालको नोभेम्बर क्रान्ति.* काठमाण्डौं : अन्तर्राष्ट्रिय मञ्च ।

नेपाल, जगत. (६७). *आफ्नै कुरा, गिरिजाप्रसाद कोइराला.* ललितपुर : जगदम्बा प्रकाशन ।

नेपाल, जगत. (२०७२). *पहिलो संसद बीपी महेन्द्र टकराब.* काठमाडौँ : साङ्ग्रिला बुक्स ।

नेपाल, जगत. (२०७५). *बीपीको विद्रोह.* काठमाडौँ : बाह्रखरी बुक्स ।

नेपाली, चित्तरञ्जन. (२०५५). *राणाशासनको रोल व्यवस्था र धर्मपत्रहरू .* ललितपुर : मदन पुरस्कार गुठी ।

प्रधान, प्रमोद. (२०६१). *मोरङमा पत्रकारिताको अर्धशताब्दी.* काठमाडौँ : मार्टिन चौतारी ।

पाँडे, भीमबहादुर. (२०७६). *त्यस बखतको नेपाल-भाग पाँच.* काठमाडौँ : फिनिक्स बुक ।

पाण्डे, विश्वराज. (२०७५). *दश दशकभित्रको विराटनगर.* काठमाडौँ : विपुलराज पाण्डे ।

बस्नेत, पुरुषोत्तम. (२०६६). *नेपाली काङ्ग्रेसको इतिहासको प्रारूप-भाग १.* काठमाडौँ : पुरुषोत्तम बस्नेत ।

बस्नेत, पुरुषोत्तम. (२०६८-क). तारिणीबाबुलाई सम्झँदा. *तारिणीप्रसाद कोइराला, एक दृष्टि : अनेक स्मृति* (पृ.८७-९०). काठमाडौँ : तारिणी रोशा स्मृति कोष ।

बस्नेत, पुरुषोत्तम. (२०६८-ख). तारिणीप्रसाद कोइराला-रेडियो नेपालका संस्थापक. *तारिणीप्रसाद कोइराला, एक दृष्टि : अनेक स्मृति* (पृ.१५९-१६४). काठमाडौँ : तारिणी रोशा स्मृति कोष ।

भट्ट, भीमदेव. (२०७५). *नेपालको प्रशासनिक इतिहास.* काठमाडौँ : सोपान मासिक ।

वन्त, प्रत्युष. (२०६१). रेडियो नेपालभन्दा पहिलोको युगमा नेपालीको रेडियो अनुभव. *रेडियो नेपालको सामाजिक इतिहास* (पृ.३५-५४) अधिकारी, कृष्ण र भट्ट, कोमल (सं.). काठमाडौँ : मार्टिन चौतारी ।

वस्ती, प्रकाश. (२०७९). *हाम्रो कानुनी इतिहासको नालीबेली, किरातकालदेखि २०७८ सालसम्म.* काठमाडौँ : पैरवी प्रकाशन ।

विष्ट, महेन्द्र. (२०७४). *नेपालमा प्रेस स्वतन्त्रता.* काठमाडौँ : सीएमआर-नेपालसँगको सहकार्यमा साङ्ग्रिला पुस्तक प्रा.लि. ।

वैद्य, तुलसीराम र मानन्धर, त्रिरत्न. (२०५३). *आधुनिक नेपालको प्रशासनिक इतिहास (सन् १७६८-१९५१).* काठमाडौँ : नेपाल एशियाली अनुसन्धान केन्द्र ।

सिंह, माथवर. (२०६७). *गणेशमान सिंह मेरो कथाका पानाहरू-खण्ड १.* काठमाडौँ : आयाम प्रकाशन प्रा.लि. ।

शाह, भोग्यप्रसाद. (२०५४). रेडियो नेपालको इतिहास र विकास. *प्रसारण पत्रकारिता हाते किताब* (पृ.१२०-१३०), दुर्गानाथ शर्मा (सं.). काठमाडौँ : नेपाल प्रेस इन्टिच्यूट ।

McQuail, D. (2012). *Mass communication theory*. SAGE Publication India Pvt Ltd.

Lasswell, H.D. (1927). The theory of political propaganda. *American Political Science Review, 21* (3), 627-631. https://doi.org/10.2307\1945515

Rose, L. E., & Fisher, M. W. (1970). *The politics of Nepal: Persistence and change in an Asian monarchy*. *(No Title).*

**अन्तर्वार्ता**

अधिकारी, रानुदेवी. (२०७६, जेठ ३२). अधिकारी रेडियोमा पहिलो गीत गाउने गायिका हुन् ।